# राष्ट्रिय स्वतन्त्र पार्टी



चुनाव चिन्ह

## सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाईहरुमा नमस्कार !
## म झविलाल डुम्रे राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट स्याङ्जा क्षेत्र नम्बर २ को प्रतिनिधि सभा सदस्य उम्मेदवार ।

नेपालको इतिहास, सनातन सभ्यता, धार्मिक-सांस्कृतिक विविधता र सहअस्तित्वको भावना मेरो प्रेरणाको आधार हो । विश्वभर रहेका नेपालीहरूको सामूहिक चाहना र सामर्थ्यलाई आत्मसात् गर्दै स्याङ्जा क्षेत्र नं. २ का सम्भावना, स्रोत-साधन र आवश्यकता अनुसार दिगो विकासका लागि नीतिगत भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

म वर्षौंदेखि ग्रामीण विकास विज्ञ र सुचना प्रविधि (IT) उद्यमीको रुपमा आर्जन गरेको अनुभवलाई आफ्नो जन्मभूमिको सेवामा लगाउन आएको हुँ । मेरो लक्ष्य स्पष्ट छ अब भाषण होइन जनहितमा काम । राष्ट्रिय स्वतन्त्र पार्टीको चुनाव चिन्ह " घण्टी " केवल एक प्रतीक होइन, बेथिति विरुद्धको आवाज हो र सुशासनको शंखघोष हो । भीरकोट नगरपालिका, वालिङ नगरपालिका, गल्याङ नगरपालिका, चापाकोट नगरपालिका र कालीगण्डकी गाउँपालिका अन्तर्गतका ४५ वडा निबासी सम्पूर्ण नागरिकको विश्वास, आवश्यकता र भविष्यका सपनालाई केन्द्रमा राखेर म निम्न प्रतिबद्धता व्यक्त गर्दछु । यो पत्र केवल बाचा होइन, काम गर्ने अठोट हो र लक्ष्य हो ।

SCAN TO FIND US

२०८४ मा हुनुपर्ने आवधिक निर्वाचन ऐतिहासिक जेन जी (Zen-G) विद्रोहको विशिष्ट उद्देश्य, भावना र मर्मको जगमा २०८२ फागुन २१ गते सम्पन्न हुन गैरहेको संघीय निर्वाचनमा म (श्री झवीलाल डुम्रे) राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट पहिलो हुने निर्वाचित (First-Past-The-Post : FPTP) निर्वाचन प्रणाली (Voting) का लागि स्याङ्जा क्षेत्र नं. २ का जनता-जनार्दन समक्ष यो प्रतिवद्धता पत्र प्रस्तुत गर्दछु ।

## सुशासन, भ्रष्टाचार नियन्त्रण र जवाफदेहिता

- Gen-Z आन्दोलनले उठाएका जनभावना र मागहरूलाई पूर्ण अपनत्व दिँदै सुशासन, पारदर्शिता र जवाफदेहिता अन्तर्गत दृढतापूर्वक र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै संसदमा सशक्त आवाज उठाउनेछु।
- संसदीय बहस, नीतिनिर्माण प्रक्रिया तथा कानुन संशोधनका प्रत्येक चरणमा जनताका मुद्दालाई प्रथमिकता दिँदै पारदर्शी, उत्तरदायी र परिणाममुखी शासन व्यवस्था सुनिश्चित गर्न निरन्तर पहल गर्नेछु।
- निरन्तर रुपमा काठमाण्डौबाट जिल्लामा आएर विभिन्न पालिकामा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्दै संसदमा मैले उठाएका मुद्दा, गरेका पहल र प्रगति विवरण नियमितरुपमा आदरणीय मतदाताहरू समक्ष प्रस्तुत गर्नेछु।

## कृषि सुधार अन्तर्गत - उत्पादनदेखि बजारसम्म

- सबै क्षेत्रमा माटो परिक्षण गरी माटो सुहाउँदो उत्पादनलाई प्राथमिकता दिन नीतिगत पहल गर्नेछु।
- स्याङ्जालाई सुन्तला र कोदोको विशेष उत्पादन क्षेत्रका रूपमा विकास गर्न पहल गर्नेछु।
- कृषि एम्बुलेन्स सञ्चालनका लागि नीतिगत प्रयास गर्दै किसानको उपज सिधै बजारसम्म पुग्ने संरचना बनाउन पहल गर्नेछु।
- उत्पादनका आधारमा अनुदान तथा प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि प्रयास गर्नेछु साथै कृषि उत्पादन सुरक्षित राख्न आवश्यक संकलन केन्द्र तथा चिस्यान गृह स्थापना गर्न पनि पहल गर्नेछु।
- स्थानीय उत्पादनबाट मूल्य अभिवृद्धि प्रोडक्ट उत्पादन र बजारीकरणका लागि नीतिगत वातावरण निर्माण गर्न प्रयास गर्नेछु।
- जडीबुटी उत्पादन, संरक्षण र बजार विस्तारका लागि समन्वयकारी भूमिका निर्वाह गर्नेछु।
- बाँदर आतंकको दीर्घकालीन समाधानका लागि आधुनिक प्रविधि, वैज्ञानिक वन व्यवस्थापन तथा व्यवहारिक नियन्त्रण मोडल अवलम्बन गर्न म व्यक्तिगत रूपमा पहल गर्नेछु। आवश्यक परे नीतिनिर्माण तहमा पनि स्पष्ट र सशक्त कदम चाल्न सक्रिय भूमिका निर्वाह गर्नेछु।

## शिक्षामा गुणस्तर र पहुँच

- सरकारी विद्यालयहरूको संरचनात्मक सुधार र गुणस्तरीय शिक्षा सुनिश्चत गर्न निरन्तर पहल गर्नेछु।
- जनसंख्या र भूगोलका आधारमा प्लस-टुसम्म शिक्षा व्यवस्था विस्तार गर्न नीतिगत प्रयास गर्नेछु।
- आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति तथा लक्षित कार्यक्रम अघि बढाउन पहल गर्नेछु।
- हाम्रा विद्यार्थीहरूले आफ्नै गाउँ-घरमै प्राविधिक शिक्षामा पहुँच पाउन सकून् भन्ने उद्देश्यले प्रत्येक पालिकामा कम्तीमा एउटा सुविधासम्पन्न प्राविधिक शिक्षालय स्थापना गर्न आवश्यक पहल र समन्वय गर्नेछु।
- शिक्षामा राजनीतिक हस्तक्षेप अन्त्य गर्न आवश्यक नीतिगत सुधारका लागि आवाज उठाउनेछु।

## स्वास्थ्य सेवा-मौलिक अधिकारको सम्मान

- स्याङ्जामा कम्तीमा एक सुविधासम्पन्न अस्पताल स्थापना गर्न सरकारी वा निजी क्षेत्रसँग समन्वय गरी आवश्यक कदम चाल्नेछु।
- सरकारी तथा सामुदायिक अस्पतालहरूको स्तरोन्नति गर्न प्रयास गर्नेछु।
- स्वास्थ्य बिमा सबै अस्पतालमा प्रभावकारी रूपमा लागू गराउन पहल गर्नेछु र यस क्रममा देखिएका समस्याहरु समाधान गर्न नीतिनिर्माण तहमा सशक्त रूपमा पहल गर्नेछु।
- स्वास्थ्य सचेतना र जनचेतनामूलक कार्यक्रम विस्तारका लागि पहल गर्नेछु।
- साथै दुर्गम तथा ग्रामीण क्षेत्रका नागरिकहरूले विशेषज्ञ स्वास्थ्य सेवा सहज रुपमा पाउन सकून् भन्ने उद्देश्यले टेलिमेडिसिन सेवा सुरु गर्न पहल गर्नेछु।

## युवा र रोजगारी

- स्थानीय कच्चा पदार्थमा आधारित साना-मझौला उद्योग प्रबर्द्धनका लागि नीतिगत वातावरण सिर्जना गर्न प्रयास गर्नेछु।
- आईटी क्षेत्रमा तालिमको व्यवस्था गरी युवालाई रिमोट वर्किङ् र फ्रिल्यान्सिङमा जोड्न पहल गर्नेछु।
- शिपमूलक तालिममार्फत युवालाई आत्मनिर्भर बनाउने कार्यक्रम विस्तारका लागि प्रयास गर्नेछु।
- दक्ष जनशक्तिलाई बजारसँग जोड्ने संरचना निर्माणका लागि समन्वयकारी भूमिका निर्वाह गर्नेछु।
- नवप्रवर्तन नै राजगारी हो भन्ने विश्वासका साथ स्टार्टअप, उद्यमशीलता र प्रविधिमैत्री कार्यक्रम विस्तार गर्न आवश्यक कानुनी तथा नीतिगत व्यवस्था निर्माणका लागी संसदमा सशक्त पहल गर्नेछु।

## संस्कृति, प्रकृति र पर्यटन

- स्थानीय भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि नीतिगत कार्यक्रम ल्याउन पहल गर्नेछु ।
- प्राकृतिक सम्पदाको संरक्षण गर्दै दिगो विकासका लागि योजनाबद्ध प्रयास गर्नेछु ।
- पर्यटकीय क्षेत्रहरूको म्यापिङ र प्रचारप्रसारका लागि आवश्यक पहल गर्नेछु ।
- कालीगण्डकी, आँधीखोला, ज्याग्दी खोला लगायत नदी सभ्यताको संरक्षणका लागि निरन्तर आवाज उठाउनेछु ।
- सिद्धार्थ राजमार्ग हुँदै आवतजावत गर्ने भारतीय तथा अन्य पर्यटकहरुलाई स्याङ्जा जिल्लाका प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको महत्व बुझाई आकर्षित गर्न योजनाहरु ल्याउन पहल गर्नेछु ।

## सडक र पूर्वाधार

- सिद्धार्थ राजमार्ग लगायत मुख्य सडकहरूको स्तरोन्नति र कालोपत्रे गर्न सशक्त पहल गर्नेछु ।
- सहायक सडकहरुलाई सुरक्षित र सहज बनाउन निरन्तर प्रयास गर्नेछु ।
- सडक दुर्घटना न्यूनीकरणका लागि वैज्ञानिक सडक सुधार र ट्राफिक सुरक्षा नीतिमा विशेष जोड दिँदै ठोस नीति निर्माणमा सक्रिय भूमिका निर्वाह गर्नेछु ।
- आँधी, ज्याग्दी लगायतका खोलाहरुमा आधारित सिँचाइ आयोजनाको प्रभावकारी व्यवस्थापनका लागि बजेट सुनिश्चित गर्न आवाज उठाउनेछु र खेतीयोग्य जमिनमा साना नहर तथा परम्परागत कुलोको संरक्षण, सुधार र विस्तारमार्फत प्रभावकारी सिँचाइ पहुँच सुनिश्चित गर्न आवश्यक पहल गर्नेछु ।
- "एक घर, एक धारा" अभियानलाई तीव्रता दिँदै प्रत्येक घरमा स्वच्छ खानेपानी पुऱ्याउन पहल गर्नेछु र खानेपानीका मुहान संरक्षण तथा वितरण प्रणालीको सुधारमा विशेष जोड दिनेछु ।

## खेलकुद विकास

- स्याङ्जा जिल्लाको उपयुक्त स्थानमा कम्तिमा एउटा प्रादेशिक स्तरको खेलमैदान स्तरोन्नतिका लागि आवश्यक पहल गर्नेछु ।
- प्रत्येक पालिकामा कम्तीमा पनि एक खेल मैदानलाई जिल्लास्तरीय खेल मैदानको रुपमा स्तरोन्नति गर्न प्रयास गर्नेछु ।
- युवाहरुलाई खेलकुद, प्रविधि तथा अन्य सीपमूलक तालिम प्रदान गर्न आवश्यक पहल गर्नेछु ।

## नागरिकसंग प्रत्यक्ष सम्पर्क

- नागरिकका गुनासा, सुझाव र अपेक्षालाई प्रत्यक्ष रूपमा सम्बोधन गर्न स्याङ्जा २ मा जनसम्पर्क कार्यालय स्थापना गर्नेछु ।
- जनतासँग नियमित संवादको संयन्त्र विकास गर्दै समस्या दर्ता, अनुगमन र समाधानको प्रक्रिया संस्थागत गर्न द्रुत प्रतिक्रिया प्रणाली निर्माण गर्नेछु ।
- संसदीय क्यालेण्डरलाई ध्यानमा राख्दै स्याङ्जाका क्षेत्रमा भ्रमणका लागि क्यालेण्डर बनाई जनतामाझ रहनेछु ।
- स्थानीय तह तथा निकायहरुसँग अत्यावश्यक कामहरुका लागि समन्वय र सहकार्य गरिरहनेछु ।

## अन्तिम प्रतिबद्धता

नेपालको राजनीतिक इतिहासमा सम्भवत : पहिलोपटक निर्वाचन पूर्व नागरिक करारपत्र सार्वजनिक गरी जनताको परिवर्तनको चाहनालाई निष्कर्षमा पुऱ्याउन उच्च मनोबलको साथ निर्वाचनमा होमिएको दल राष्ट्रिय स्वतन्त्र पार्टीको उम्मेदवारको रुपमा स्याङ्जा क्षेत्र नम्बर २ का विवेकशील मतदाताहरूको आर्थिक स्तरलाई उकास्ने कुनै पनि नीति र कार्यविधि निर्माण गर्न सकिन भने म राष्ट्रिय स्वतन्त्र पार्टीको विधानमा ब्यवस्था भए बमोजिम फिर्ता हुन राजी हुनेछु । अन्त्यमा "कि देश र जनताको अवस्था बदल्न सक्छौं कि सकिन्छौं" भन्ने उच्च महत्वाकांक्षाको साथ निर्वाचनमा होमिएको मलाई आफ्नो अमूल्य मत प्रदान गरी विजयी गराउनुहुन सम्पूर्ण आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक अपिल गर्दछु ।

**झविलाल डुम्रे**

प्रतिनिधिसभा सदस्य प्रत्यक्ष तर्फको उम्मेदवार ( स्याङ्जा क्षेत्र नं. २ )

# राष्ट्रिय स्वतन्त्र पार्टीको नागरिक करार

नेपालका नागरिक मेची-महाकाली ६७४३ वडा बस्ने सबैसँग, नेपाल आमाका सन्तति काठमाडौं जिल्ला, वडा न. १६ घण्टी घर बस्ने राष्ट्रिय स्वतन्त्र पार्टीका तमाम सदस्यहरूले २०८२ साल फाल्गुन महिना २१ गते का दिन तपाईं नागरिकहरूका घर दैलोमा आई, विगतमा लोकतान्त्रिक अधिकारका लागि भएका संघर्षहरुदेखि सुशासनको पक्षमा भएको जेन-जी आन्दोलनको मर्मलाई आत्मसात गर्दै, तपाईंहरूको अमूल्य "मत" रूपी लगानी माग्दा, तपाईं नागरिकहरूले हामीलाई विश्वास गरी तपसिलको सोचलाई लगानी स्वरूप प्रदान गर्नुभएमा, सो बापत हामी तपाईंहरूलाई बहुलवादी संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको उदार अर्थनीति, सुधारिएको प्रदेश संरचना, समन्यायात्मक समावेशीता, सनातन सभ्यताको सम्मान, धार्मिक-सांस्कृतिक विविधताको संरक्षण, सन्तुलित परराष्ट्र सम्बन्ध, डायस्पोराको सामर्थ्य र "सौम्य शक्ति"को विस्तार गरी सार्वभौमिकता, स्वाधीनता, भौगोलिक अखण्डता र स्वाभिमानलाई अक्षुण्ण राख्दै निम्न बमोजिमको प्रतिफल स्वरूप समुन्नति पाँच वर्षभित्र भुक्तान गर्ने सर्तमा यो नागरिक करार मञ्जुर गर्दछौं:

| प्राथमिकता | आजको अवस्था | हाम्रो लक्ष्य |
|---|---|---|
| १. सदाचार र असल शासन | राज्य संरचनाको दलीय दोहन, प्रक्रिया-केन्द्रित भ्रष्टाचार र लाइसेन्स राज। सामान्य सेवा लिन समेत बिचौलियाको शरण पर्न बाध्य। | नीति, आचरण र संस्थागत सुधारका लागि "भ्रष्टाचार विरोधी महाअभियान" मार्फत विश्वसनीय, सदाचारी राज्य निर्माण गर्दै, सरकारी सेवाहरूको सर्वव्यापी डिजिटल डेलीभरी (लाइन होइन अनलाइन) सहित ट्रान्सपेरेंसी इ. को भ्रष्टाचार सूचकाङ्कमा भारी सुधार। दलीयकरणको अन्त्य र २०४६ देखिकै सम्पत्ति छानविन गर्न उच्चायोग गठन। |
| २. मध्यम वर्गीय विस्तार | न्यून प्रतिव्यक्ति आयस गुणस्तरहीन र महँगो स्वास्थ्य सेवा; प्रतिफलविहिन शिक्षा; अपर्याप्त आधुनिक वितीय पहुँच र समावेशीता। | औसत वार्षिक प्रतिव्यक्ति आय ३००० डलर नघाउन कुल गार्हस्थ उत्पादनको आकार १०० अर्ब डलर (प्रचलित मूल्यमा)। शत प्रतिशत बीमा गरिएको गुणस्तरीय स्वास्थ्य सेवा। सार्वजनिक शिक्षाको आमूल सुधार। जन्मदेखि मृत्युसम्म आवश्यकतामा आधारित "एकीकृत सामाजिक सुरक्षा' को ग्यारेन्टी। आधुनिक बैंकिंगसहित वितीय सेवाहरुमा सबै नागरिकको पहुँच लगायत सख्त नियमनभित्रको सहकारी र लघु वित्त, मिटर व्याज शोषणको अन्त्य। |
| ३. काम, काम, काम | अनौपचारिक, न्यून ज्याला र उच्च बेरोजगारी; दैनिक ३३०० जना भन्दा धेरै युवा विदेश पलायन। | बाध्यात्मक पलायन घटाउन औपचारिक, सम्मानित, सुरक्षित र समावेशी १२ लाख नयाँ रोजगारी सिर्जना। प्राथमिकताका क्षेत्र: आइटी, निर्माण, पर्यटन, कृषि, खनिज, उद्योग र सेवा व्यापार। |
| ४. कनेक्टिभिटी | भर पर्न नसकिने, अपर्याप्त एवं असुरक्षित सडक, हवाई, ऊर्जा र डिजिटल सञ्जाल। | प्रतिस्पर्धी अर्थतन्त्रका लागि गुणस्तरीय सडक र हवाई सञ्जाल, भरोसायोग्य उर्जा ग्रीड र सबै बस्तीमा तीव्र गतिको सुलभ इन्टरनेट विस्तार: १५ हजार मेगावाट विद्युत् जडित क्षमता, ३० हजार कि.मि. राष्ट्रिय राजमार्ग निर्माण। १० वटा राष्ट्रिय महत्वका "सिग्नेचर आयोजना" सम्पन्न। |
| ५. प्रवास | विश्वव्यापी नेपाली मानव पँजीको खण्डित उपयोग; प्रवासी नेपालीको मताधिकार शून्य; गैर-आवासीय नागरिकताको फितलो कार्यान्वयन। | विदेशमा बस्ने नेपालीहरूलाई अनलाइन मताधिकार; वंशजको नागरिकताको निरन्तरता; सार्वभौम डायस्पोरा फण्डको कार्यान्वयन; सुरक्षित लगानी र सम्मानित देश फिर्तीको वातावरण; मर्यादित वैदेशिक रोजगारी। |

तपाईंहरूले हामीलाई एकल बहुमत दिलाएको अवस्थामा पनि करार बमोजिमका सर्तहरु डेलिभरी सहित ५ वर्षभित्र बुझाउन नसकी तपाईं नागरिकलाई मर्का पर्न गएमा, संविधान, मौजुदा कानुन र सामाजिक करार अनुसार हाम्रो "राजनैतिक नैतिकता र पद" बाट अर्को पटकको निर्वाचनमा सजाय दिई असुल उपर गरी लिनु होला। यसमा हाम्रो पाटीको सम्पूर्ण सदस्यहरूको मन्जुरी छ। यो करारमा उल्लेख गरेको व्यहोरा साँचो हो, झुठ्ठा ठहरे सहुँला बुझाउँला।

इति संवत् २०८२ साल फाल्गुन  महिना २१ गते रोज ५ ... शुभम्।

ऋणीको दस्तखत: (दायाँ) (बायाँ) राष्ट्रिय स्वतन्त्र पार्टी

"काबु बाहिरको परिस्थिति बाहेक हामी पुरा गर्न नसकिने वाचा बाँड्दैनौ, बरु तपाईंहरूको राजनीतिक विश्वासको ऋणको करार गर्छौं।"